# आ व २०७४।७५ को वजेट एवं कार्यक्रम तर्जुमाका सैद्धान्तिक आधारहरु

- नेपालको संविधान २०७२
- त्रिवर्षिय योजनाहरु
- स्थानिय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९
- स्थानिय तहको योजना तथा वजेट तुर्जुमा दिग्दर्शन २०७४
- स्थानिय तहको विनियोजन ऐन २०७४
- स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४
- सघीय मामिला तथा स्थानिय विकास मन्त्रालयबाट प्राप्त मार्गदर्शन तथा निर्देशनहरु
- राजनितिक दल विषयगत कार्यालय निजि क्षेत्र तथा नागरिक समाजबाट प्राप्त सुझावहरु
- विषयगत समितिहरुको सुझावहरु
- स्थानिय स्वायत्त शासन ऐन तथा नियमावली
- वजेट वक्तव्य

**नीति तथा कार्यक्रम**

नेपालको संविधान, वर्तमान त्रिवर्षिय योजना, नेपाल सरकार क्षेत्रगत नीति तथा कार्यक्रम, तालुक मन्त्रालयको वजेट सिलिङ तथा मार्गदर्शन, स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९, स्थानीय निकाय स्वायत्त शासन ऐन २०५५, नियमावली २०५६ पछिल्लो संसोधन समेत, विषयगत मन्त्रालय अन्तर्गतका सम्वन्धित कानुनहरु संग समन्वय एंव नेपाल सरकारको तालुक मन्त्रालयबाट समय समयमा प्राप्त नीति निर्देशन एंव मार्गदर्शन र आवश्यकता, जनचाहाना साथै संस्थागत आवश्यकतालाई हृदयगंम गरी यो नीति तथा कार्यक्रम तय गरिएको छ।

नगरपालिकाले आगामी दिनहरुमा विकास निर्माण प्रक्रिया अगाडी वढाउनका निमित्त निम्नानुसारका नीति तथा कार्यक्रम अघि सारेको छ।

**१) मूलभुत नीति तथा कार्यक्रम**

- सकारात्मक सोचका साथ समृद्धिको दुरदृष्टी तय गरी योजनावद्ध तरिकाले अघि वढ्ने नीति लिइने छ।
- विकासका कार्यहरुलाई परिणाममुखि वनाउन नतिजामा आधारित(Result based) विकास गर्ने परिपाटी अवलम्वन गरिनेछ।
- स-साना टुक्रा योजना बनाई परिणाम देखाउन नसकिने योजना निर्माण गर्ने पक्रिया एंव परिपाटिको अन्त्य गरिनेछ।
- गैरसरकारी संघ सस्थालाइ एकद्वार प्रणालीमा आवद्ध गरिनेछ।
- जनस्तरमा छरिएर रहेको पुजीलाइ केन्द्रीत गरि नाफामुलक ढंगले परिचालन गरिनेछ।
- न्युनतम आधारभुत आवश्यकतालाई पहिलो प्राथमिकतामा राखि बजेट विनियोजन गर्ने नीति लिइनेछ।
- स-साना त्रुटीहरु भएका थोरै लगानीबाट मर्मत गर्न सकिने पूर्वाधारहरुलाई तुरुन्तै मर्मत गरिने on site look, on the spot treatment को नीति अख्तियार गरिनेछ ।

- नगरपालिकाको नियमित प्रशासनिक सेवा प्रवाहलाई मुस्कान सहितको (service with smile) को नीति लिइनेछ ।
- सेवाग्राहीहरुको गुनासो तथा उजुरीहरुलाई तातो चुलो विधि (Hot stove treatment) बाट समाधान गरिनेछ ।
- पारदर्शीता, जवाफदेहीता, इमान्दारिता, कर्तव्यनिष्ठका साथ सेवा प्रवाहालाई सुशासन मैत्रि वनाउदै लगिनेछ ।
- धेरै निर्णय गर्ने तर कम काम गर्ने परिपाटीको अन्त्य गरी एकमात्र निर्णय गर्ने त्यो पुरा भएपछि मात्र अर्को निर्णय गर्ने नीति लिईनेछ ।
- बहुजन हितका लागि कानुनी परिधिमा रही आवश्यकता अनुसार हस्तक्षेपकारी भुमिका समेत निर्वाह गर्ने नीति लिईनेछ ।
- वढी भन्दा वढी जनतालाई प्रत्यक्ष लाभ हुने ठुला परियोजनाहरु (Mega Project)लाई प्राथमिकताका साथ अगाडी बढाईनेछ ।
- समावेशीको नाममा अनियन्त्रितरुपमा वजेट विनियोजन गरी भागवन्डा गर्ने खेलको अन्त्य गरी लक्षित वर्गलाई प्रत्यक्ष लाभ हुने ठोस योजना (Concret Project lunch) निर्माण गर्ने नीति अवलम्वन गरिने छ ।
- अधिक जनतालाई लाभ पुग्ने र जनताको जनसहभागिता जुट्ने किसिमको योजनालाई प्राथमिकतामा राखिनेछ ।
- आवधिक योजनाहरु विकास गर्नका लागि नगरस्तरिय आवधिक योजना(Municipality periodic plan ) तर्जूमा गर्नका लागि आवश्यक पहल गर्ने नीति लिईनेछ ।
- आवधिक योजना निर्माण भई नसकेको वर्तमान अवस्थामा अल्पकालिन र मध्यकालिन संक्षिप्त योजना निर्माण गरी सोही अनुरुप योजना तथा कार्यक्रमहरु परिलक्षित गरिनेछ ।

- पूर्वाधार विकास र सामाजिक विकासलाई संगसंगै (Parallelly) अगाडी वढाइनेछ । सामाजिक विकासको नाममा हुने अनुत्पादक खर्चलाई निषेध गरिनेछ ।
- नगरपालिका अर्न्तगतका विषयगत निकायहरुको विषयगत ५ वर्षे रणनीतिक योजना तयार गर्ने । उक्त योजनाका आधारमा विषयगत शाखाहरुले आफनो कार्यक्रम , योजना , कार्यनीति तथा रणनीति तयार गरि नगर परिषदवाट पास गरि कार्यान्वयन गर्नु पर्ने ।
- नेपालको संविधान २०७२ मा व्यवस्था गरिएका मौलिक अधिकार तथा मानव अधिकारलाइ आत्मसाथै गर्दै निति एवं निर्देशक सिद्धान्तलाइ सृजनात्मक ढंगले नगरपालिकाको सवै क्षेत्रमा लागू गरिनेछ ।
- नगरपालिका अर्न्तगत संचालित ५ लाख भन्दा बढि रकमका विकास निर्माणका योजना , आयोजना तथा परियोजनाहरुको प्रभाकारिता र गुणस्तरका लागि विस्तृत परियोजना प्रस्ताव - Detail Project Proposal (DPP) तयार गरि स्वीकृत गरेपछि , यसैका आधारमा सम्झौता पत्रमा नगरपालिका तर्फबाट हस्ताक्षर गर्ने ।
  - आम नगरवासीको आयस्तरमा वृद्धि हुने तथा घर घरमा रोजगार सिर्जना हुने कार्यक्रमहरु संचालन गर्नका लागि Employment at home को नीति अवलम्वन गरिनेछ ।
  - काम विहिन भई वेरोजगार हुन नपरोस भनी प्रत्येक व्यक्तिलाई स्व रोजगार भई आत्मनिर्भर हुने किसिमको नीति तथा कार्यक्रम अवलम्वन गरिनेछ । (Self employment for self dependence)
  - आ.व. को अन्त्यमा मात्र काम गर्ने परिपाटीको अन्त्य गरी बाह्रै महिना योजना तथा विविध गतिविधिहरु संचालनमा ल्याइने (all weather service and activities) नीति अवलम्वन गरिनेछ ।
  - सार्वजनिक सुनुवाई कार्यलाई निरन्तरता दिइनेछ

कोशहरा नगरपालिका

- सार्वजनिक परिक्षण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- निर्माण कार्यको भौतिक परिक्षण गराइनेछ ।
- सहभागितामा योजना छनोट गर्ने कार्यलाई विशेष प्रथामिकता दिइनेछ ।
- बजेटलाई अवन्डा नराखी कार्यक्रममा समावेश गरिनेछ ।
- लक्षित कार्यक्रमको वजेटलाई सोही वर्गलाई प्रत्यक्ष लाभ पुग्ने भौतिक विकासमा लगानी गरिनेछ ।
- नगर अस्पताल बनाईनेछ ।

**क्षेत्रगत नीति तथा कार्यक्रम :**

**भौतिक विकास तर्फ**

- नगरस्तरीय यातायात गुरुयोजनाले निर्द्धिष्ट गरेका सडकहरुमा प्राथमिकताका साथ लगानी गर्ने तथा नगरपालिकाको श्रोतले नसक्ने अवस्थाका ठुला सडकहरुलाई सरोकारवाला सम्वन्धित निकायसंग समन्वय गरी निर्माण गरिनेछ ।
- नगर रिंगरोड निर्माण कार्यलाई प्राथमिकता दिईनेछ ।
- सिंचाई योग्य जमिनको उचित संरक्षण गरि कृषि उत्पादनमा आत्मनिर्भरता कायम गरिनेछ ।
- भवन निर्माण आचारसंहिता निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ । भुकम्प प्रतिरोधी संरचना निर्माणलाई अनिवार्य गरिने नीति अवलम्वन गरिने छ ।
- न्यूनतम पूर्वाधार जस्तै सडक, विजुली, खानेपानी, संचार, जस्ता पूर्वाधार निर्माणमा निश्चित मापदण्डको आधारमा मात्र संरचनाहरु निर्माण गर्ने परिपाटी बसालिनेछ ।
- नगरपालिकाको विशिष्ट पहिचान दिने अस्तित्वको पहिचान एंव सांकेतिक समृद्धि(Symbolic prosperity ) झल्किने खालका योजनाहरु निर्माणमा प्राथमिकता दिइनेछ ।
- योजनावद्ध विकासमा निर्द्धिष्ट गरे अनुसार प्राथमिकताका आधारमा भौतिक पूर्वाधारमा लगानी गरिनेछ ।
- नक्सापास गरेर मात्र घर निर्माण गर्न पाईने तथा पहिला बनि सकेका घरहरुले पनि अनिवार्यरुपमा नक्सापास गर्नुपर्ने नीति तथा कार्यक्रम ल्याइनेछ ।
- स्वरोजगार उन्मुख पूर्वाधार निर्माणलाई पहिलो प्राथामिकतामा राखिनेछ ।
- अधुरा योजनाहरुलाई प्राथमिकताका आधारमा समय सारणी(Time table) सहित सम्पन्न गर्न श्रोतहरुको खोजी गरी सम्पन्न गर्न प्राथमिकता दिईनेछ ।
- नगरक्षेत्रका वडाकेन्द्रहरुलाई जोड्ने सडकहरुलाई प्राथमिकतामा राखिनेछ । कच्ची सडक लाई दोहोरो नाला सहित ग्राभेल र ग्राभेल भएको सडकलाई क्रमश कालोपत्रे गर्दै लगिनेछ ।

**व्यवस्थित शहरीकरण :**

- वस्ती विकास योजना तर्जुमा निर्माण गर्न सम्वन्धित निकायमा आवश्यक पहल गरिनेछ । यसका लागि तत्कालिन रुपमा नगरक्षेत्रभित्र रहेका सार्वजनिक तथा पर्ति जग्गाहरुको लगत कट्टा गरी नगरपालिकाको सम्पतिको रुपमा अभिलेखिकरण गरिनेछ ।
- शहरी वजार योजना (City town plan) निर्माण गर्नका लागि सम्वन्धित निकायमा आवश्यक पहल गरिनेछ । शहर नक्शांकन (Urban Mapping), नगर गुरुयोजना (Municipality Master Plan) बनाईनेछ । तत्कालका लागि चालु आ.व. बाट नै व्यवस्थित ढल निकास गर्न हाल वनि रहेको ढलहरुलाई सूचारु गर्ने कार्यक्रम ल्याइनेछ ।
- बजारक्षेत्र भित्र बाटोमा पसलका सामान राख्न दिइनेछैन ।यसरी राखिएको पाईएमा कानुन बमोजिम कारबाही गरिनेछ ।

- बत्तिका पोल, तारहरु एंव अन्य संरचना तथा सार्वजनिक संरचनाहरुलाई सरोकारवालाको समन्वयमा सुचारु एंव व्यवस्थित गरिनेछ ।
- ग्रील उद्योग, कपडा पसल, भाडा पसल, फर्निचर उद्योग, खाद्य पसल लगायतका व्यसायलाइ वर्गीकरण गरि क्षेत्र तोकी एकिकृत वजार व्यवस्थापन गरिनेछ ।
- सडकका दाँया वाँया सम्भव भएसम्म वृक्षा रोपण गर्ने कार्यक्रम ल्याइनेछ ।
- नगरक्षेत्र भित्र एक व्यवस्थित उद्यान निर्माणमा एक शहर एक उद्यान कार्यक्रम ल्याइनेछ र श्रोतको लागि सम्वन्धित निकायमा पहल गरिनेछ ।
- मनोरन्जन स्थल तथा बजार व्यवस्थापन व्यवस्थित गर्न एंव दुग्धजन्य पदार्थ , मासुजन्य बस्तुहरु, तरकारी, सुनचादी निश्चित स्थान निर्धारण गरिनेछ ।
- शहरी क्षेत्र वा वजार क्षेत्रमा आवागमन व्यवस्थित गर्न निश्चित मापदण्ड बनाई सरोकारवाला निकायसंग समन्वय गरी लागु गरिनेछ ।

**वातारवरण संरक्षण तर्फ :**

- भौतिक संरचना निर्माण गर्दा वातावरण मैत्री हुनेगरी निर्माण गरिनेछ । एउटा संरचना वन्दै गर्दा अर्को प्राकृतिक सम्पदा विनास हुने प्रकृतिको अन्त्य गर्न Bioengineering सहितको पूर्वाधार निर्माण गर्ने नीति अवलम्वन गरिनेछ ।
- नाङ्गा डाँडाहरुमा वृक्षा रोपण गर्न वन कार्यालयसंग सहकार्य गरी वृक्षारोपण गरी प्राकृतिक प्रकोपबाट जोखिमलाई न्यूनिकरण गर्न सहकार्य गर्न नीति लिइनेछ ।
- शहरी विकासलाई वातावरणमैत्री वनाउदै लगिनेछ ।
- घर घरमा रुख लगाउनुपर्ने, करेसावारी वनाउनु पर्ने, घरमा आगन अनिवार्य हुनपर्ने लगायतका न्यूनतम वातावरणीय संरक्षणका उपायहरु अवलम्वन गरिनेछ ।
- वजार क्षेत्रभित्रका सरकारी एंव गैर सरकारी कार्यालयहरुमा वातावरणमैत्री पर्यावरण निर्माण गर्न सरोकारवाला निकाय संग समन्वय गरिनेछ ।

**फोहोरमैला व्यवस्थापन तर्फ :**

- नगरक्षेत्रको फोहोरलाई व्यवस्थित गर्न आधुनिक ल्याण्डफिल्ड साइड निर्माण गरिनेछ ।
- बजारक्षेत्रमा प्रत्येक घर तथा पसल बाट फोहोर मैला व्यवस्थापन शुल्क लिई सो शुल्क छुट्टै फोहोरमैला व्यवस्थापन कार्य स्थापन गरी सो कोषमा जम्मा गरिनेछ र सोही प्रयोजनको लागि खर्च गरिनेछ । polluters most pay को नीति अवलम्वन गरिनेछ ।
- फोहोरमैला व्यवस्थापन सम्वन्धमा बजारक्षेत्र भित्र प्रत्येक १०० मिटरमा फोहोर मलाई नामक कन्टेनर राखिनेछ । त्यसरी राखिएको स्थानमा प्रत्येक स्थानमा दुईवटा कन्टेनर राखिनेछ । १(एक)मा सड्ने बस्तु र अर्कोमा नसड्ने वस्तु फाल्न मिल्ने गरी कार्यक्रमहरु ल्याइनेछ ।
- फोहोरको वर्गिकरण गरि Reduce, Reuse and Recycle प्रणालि अवलम्वन गर्ने ।
- जथाभावी फोहोर गर्ने व्यक्तिलाई on the spot दण्ड हुने गरी कानुन बमोजिम कारबाही गरिनेछ ।

**सामाजिक पूर्वाधार तर्फ :**

- परम्पपरागत धर्म, संस्कृति, कला, लोक संगित, पुरातात्तिक सम्पदाहरुको संरक्षण गर्नका लागि विशेष नीति तथा कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।
- धार्मिक एंव पुरातात्विक महत्वको नगरक्षेत्रका सम्पदाहरुको सरोकारवालाहरुको समन्वयमा पहिचान गरी त्यसको संरक्षण र जगेर्नामा लगानी गर्ने नीति अवलम्वन गरिनेछ ।

- कला संस्कृतिको प्रवर्द्धनका लागि आकास्मिक एवं नियमित किसिमका कार्यक्रमहरु गर्ने प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ ।
- बालमैत्री स्थानिय शासनको अवधारणालाई यसै आर्थिक वर्ष देखि अवलम्वन गरिनेछ साथै उक्त अवधारणा प्रवर्द्धन एंव विकासका लागि आवश्यक क्रियाकलापहरु समेत संचालनमा ल्याइनेछ ।

**संचार विकास तर्फ :**

- विद्युतिय एंव छापा माध्यमबाट संचालनको पहुच पुऱ्याउने संस्थाहरुलाई प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ ।
- सुचना प्रवाहको लागि वृत्त चित्र निर्माण गरिने छ ।
- विद्युतिय एंव छापा माध्यमबाट सेवा गर्ने स्थानीय संचार माध्यमलाई वार्षिकरुपमा नगरपालिकाले सम्झौता गरी आफ्ना गतिविधि सार्वजनिक गर्ने नीति अवलम्वन गर्नेछ ।
- संचार जगतको विकासको लागि के कस्ता रचनात्मक क्रियाकलापहरु गर्न सकिन्छ । सम्वन्धित क्षेत्रका विज्ञहरुसंग राय सुझाव लिई विविध कार्यक्रमहरु संचालनमा ल्याइनेछ ।
- सवै संचार माध्यमसंग समदुरीको नीति अवलम्वन गरिनेछ ।

**उर्जा विकास तर्फ :**

- सवै वडाहरुमा केन्द्रीय प्रसारण लाइन विस्तारमा जोड दिइनेछ ।
- भैरहेको विद्युत उत्पादनको स्तर वृद्धि गर्ने वा अरु कुनै बैकल्पिक उर्जा विकास गर्ने सक्ने विषयमा स्पष्ट धारणाको विकास गरि विद्युतमा लगानी गरिने नीति अवलम्वन गरिनेछ ।
- विद्युतको लाईन विस्तार नभई गुणस्तरीय विद्युत प्रवाहमा जोड दिन सम्वन्धित निकायसंग समन्वय गरिनेछ ।

**सहकारी व्यवस्थापन तर्फ** :

- अर्थतन्त्रको तीन खम्वे नीति मध्येको एक सहकारी क्षेत्रलाई व्यवस्थित गर्न उद्देश्यमा केन्द्रित स्वरोजगार मुखी तालिम दिई सहकारीकरण उन्मुख व्यवासाय प्रवर्द्धनमा जोड दिइनेछ ।
- सहकारी क्षेत्रले अधिक कर तिर्नुको अवस्थाको विश्लेषण गरी त्यसको न्यूनिकरणका लागि सम्वन्धित निकायमा पहल गरिनेछ ।
- सहकारीको माध्यमबाट घर घरमा रोजगारी सिर्जना गर्न आवश्यक नीति तथा कार्यक्रम ल्याइनेछ ।

**आन्तरिक आय वृद्धि तर्फ :**

- राजश्वको दायरा फराकिलो गरी राजश्वको विविधिकरण एंव विस्तारिकरणमा जोड दिइनेछ ।
- शहरी क्षेत्र र ग्रामिण क्षेत्रमा भुगोल र पुंजिको आधारमा छुट्टाछुट्टै कर लिने नीति अवलम्वन गरिनेछ ।
- कर वर्गीकरण तथा कर संकलनलाई सरलीकरण गर्न विषेश किसिमको सुधार कार्यक्रम ल्याइनेछ ।
- कर संललनलाई व्यवस्थित एंव वैज्ञानिक ढंगले संचालन गर्न Electonic revenue collection system को संचालन गरिनेछ ।

**सामजिक परिचालन तर्फ :**

- सामाजिक परिचालनको माध्यमबाट सामाजिक शसक्तिकरणको नीति अवलम्वन गरिनेछ ।
- सामाजिक परिचालकहरुको सेवालाई उच्च मूल्याकंन गर्दै राष्ट्रिय नीति निर्देशन अनुरुप नगरपालिका भित्र आन्तरिकरण गर्नका लागि सम्वन्धित निकायमा पहल गरिनेछ ।

गौरादह नगरपालिका

- सामाजिक परिचालनको माध्यमवाट सचेतना अभिवृद्धि गर्ने योजना तर्जुमा पक्रियामा लागत सहभागिता बढाउने, योजनामा अर्थपुर्ण जनसहभागिता वढाउने नतिजामा आधारित विकास प्रक्रिया अवलम्वन्मा पहल गर्ने ,सामाजिक सम्वादका माध्यमवाट सामाजिक मानसिक  मनोवैज्ञानिक र सकारात्मक सोच तर्फ उन्मुख समाज निर्माण गर्ने विधि र प्रक्रियालाई निरन्तरण दिइनेछ ।

**<u>शिक्षा र स्वास्थ्य तर्फ :</u>**

- प्राविधिक शिक्षालाइ जोड दिदै रोजगारीको अवसर सृजना गरी आर्थिक समृद्धि हासिल गरिनेछ ।
- आधारभुत तह देखी मा वि तह सम्मको विद्यालमा कम्प्युटर शिक्षालाइ जोड दिइनेछ ।
- Drop out को समस्यालाइ निरुत्साहित गर्न विशेष प्याकेज ल्याएर मा वि सम्म अनिवार्य शिक्षा लागू गरिनेछ ।
- मनोपरामर्श सेवा सञ्चालन गरिनेछ ।
- शिशु कक्षा सवै विद्यालयमा अनिवार्य सञ्चालन गरिनेछ ।
- नगरस्तरमा हुने विभिन्न अवसरहरुमा सरकारी विद्यालयबाट उतिर्ण जनशक्तीलाइ प्राथमिकता दिइनेछ ।
- **विद्यालयमा अग्रेजि माध्यमबाट पठनपाठ गरिने कार्यलाई प्राथमिकता दिइनेछ ।**
- **प्रतिरोधात्मक स्वास्थ्य सेवा प्रभावकारी ढंगले लागूगरिनेछ ।**
- **उपचारात्मक स्वास्थ्य सेवा प्रभावकारी ढंगले लागू गरिनेछ ।**
- **प्रवर्द्धनात्मक स्वास्थ्य सेवा प्रभावकारी ढंगले लागू गरिनेछ ।**
- **आर्युवेदिक उपचार पद्धतिलाई व्यवस्थित गरिनेछ ।**
- **विषेश क्षमता भएका, जेष्ठ नागरिक र असहायहरुलाई आधारभुत स्वास्थ्य सेवा निशुल्क गरिनेछ ।**
- **मौसम अनुसार स्वास्थ्य सेवालाई अभियानात्मक तवरबाट सञ्चालन गरिनेछ ।**
- विद्यालयको नियमित अनुगमन र नियमन गरीनेछ ।
- अन्तर स्थानिय तह स्तरिय खेलकुद सञ्चालन गरिनेछ ।
- शिक्षकको क्षमता अभिवृद्धि गर्न विभिन्न तालिम सञ्चालन गरिनेछ ।
- तत्काल एम्वुलेन्सको व्यवस्था गरिनेछ ।
- घरदैलो स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगर स्तरिय अस्पताल सञ्चालन गरिनेछ ।
- निरन्तर अनुगमन  र निरीक्षणबाट स्वास्थ्य सेवा प्रभावकारी गराइनेछ ।

**<u>कृषि क्षेत्र</u>**

- जमिन वाझो राख्ने कार्यलाई निरुत्साहित गरिनेछ ।
- उत्पादित वस्तुको उचित व्यवस्थापन गरिदिइनेछ
- कृषि उपजमा आधारीत उद्योगमा जोड दिइनेछ ।

- उत्पादनको पहिचान गरी पकेट क्षेत्रको घोषणा गरिनेछ ।
- कृषि क्षेत्रमा आधुनिकिरण गरिनेछ ।
- कृषि उत्पादन र वजार व्यवस्थापनमा अनुदानको व्यवस्ता गरिनेछ ।
- व्यवसायिक कृषकको पहिचान गरी कृषि पेन्सनको व्यवस्था गरिनेछ ।
- कृषि क्षेत्रमा प्रागारिक उत्पादनलाई विषेश प्राथमिकतामा राखिनेछ ।
- खाद्या प्रविधि तथा गुण नियन्त्रण प्रयोगशाला निर्माण गरिनेछ ।
- कृषि अनुदान केन्द्र स्थापना गरिनेछ ।
- कृषि सडक सञ्जाल निर्माण एवं व्यवस्थित गरिनेछ ।
- कृषि पर्यटनको विकास गरिनेछ ।
- टीसी कल्चर प्रविधिको स्थापना गरिनेछ ।
- कृषि सहकारीमा जोड दिइनेछ र समूहहरुमा जोड दिइनेछ ।
- माटो र विउ परिक्षण प्रयोगशाला निर्माण गरिनेछ
- हरेक वडामा कृषि र वन नर्सरी निर्माण एवं व्यवस्थित गरिनेछ ।
- थोपा सिचाइ प्रणालिमा जोड दिइनेछ ।
- निर्वाहमुखि उत्पादनको अन्त्य गरी व्यवसायी उत्पादन वढाउने जोड गरिनेछ ।
- कृषि क्षेत्रमा सस्तो ऋण उपलब्ध गराउन पहल गरिनेछ
- एक खाद्या संकलन केन्द्र निर्माण गरिनेछ ।
- एक चिस्यान केन्द्र निर्माण गरिनेछ ।

**पुर्ण सरसफाई**

- सार्वजनिक शौचालयहरु निर्माण गरी त्यसलाई व्यवस्थित गर्नका लागि शौचालयसंग टहरा निर्माण गरी टहरामा पसल स्थापना गरी शौचालय प्रयोग गरे वाफत शुल्क लिई व्यवस्थितरुपमा सूचारु गर्न उक्त पसलवालालाई जिम्मेवार र उत्तरदायि बनाउने नीति लिइनेछ ।
- पुर्ण सरसफाई सम्वन्धी रणनितिक योजना (post strategic plan ) निर्माण गरी कार्यक्रमिकरुपमा विविध क्रियाकलाप अभियानकारुपमा संचालन गर्न विशेष पहल गरिनेछ ।

**दण्ड र पुरस्कार**

- निद्रिष्ट ऐन, नियमले दिएको अधिकार प्रयोग गरी दण्ड दिने तथा आवश्यकता अनुसार उचित पुरस्कार दिने नीति अवलम्वन गरिनेछ ।
- उत्कृष्ट कार्य गर्ने उपभोक्ता समितिलाई सम्मान गर्ने तथा लापरबाही गर्ने उपभोक्ता समितिका व्यक्तिहरुलाई कारबाही गरिनेछ ।
- सामाजिक परिचालन क्षेत्रमा काम गर्ने व्यक्तिहरुलाई योगदानको आधारमा पुरुस्कार तथा सम्मान दिने नीति लिइनेछ ।
- नगरक्षेत्र भित्र राम्रो काम गर्ने संघसंस्थालाई कार्य सम्पादन मुल्याकंनको आधारमा पुरस्कृत गर्ने नीति अवलम्वन गरिनेछ ।

चौरजहारी नगरपालिका

- संचार जगतमा पनि राम्रो काम गर्ने संचारकमी तथा संस्थालाई कामको मुल्याकंनको आधारमा पुरस्कृत गरिनेछ ।

**सांगठनिक संरचना तथा जनशक्ति व्यवस्थापन तर्फ :**

- उपलव्ध जनशक्तिलाई मानवीय संवेदनका आधारमा कार्य सम्पादनमा लगाइनेछ ।
- व्यक्तिको योग्यता क्षमता र जिम्मेवारीको आधारमा काममा लगाईनेछ ।
- आफ्नो काम प्रति व्यक्ति स्वयंम उत्तरदायी हुने व्यवस्था अवलम्वन गरिनेछ ।
- कर्मचारीको कार्य सम्पादन मुल्यांकनको आधारमा पुरस्कार र दण्ड दिने व्यवस्था अवलम्वन गरिनेछ ।
- जनशक्तिको क्षमता अभिवृद्धिका लागि क्षमता विकास सम्वन्धि कार्यक्रमहरु ल्याइनेछ ।
- सवै कर्मचारीले आफ्नो शाखाको आफ्नो कम्प्यूटरबाट काम आफै कम्प्युटरबाट गनुपर्ने व्यवस्था लागु गर्न आवश्यक क्षमता विकास गरिनेछ ।
- कर्मचारीले प्राप्त गर्न सेवा सुविधालाई समानरुपमा न्यायोचित ढंगले वितरण गरिनेछ ।
- वृत्ति विकास योजना लागु गरी सो सम्वन्धी आवश्यक ज्ञान र सीप अभिवृद्धि गर्ने खालको कार्यक्रमिक ल्याइनेछ ।
- नगरक्षेत्र भित्रका जनशक्तिलाई रोजगार उन्मुख वनाउन एंव दक्ष जनशक्ति उत्पादन गर्नका लागि सम्वन्धीत संस्थाको समन्वयमा विशेष कार्यक्रमहरु ल्याईनेछ ।
- स्वरोजगार मुलक कार्यक्रमहरु मार्फत जनशक्तिलाई व्यवस्थित गर्नका लागी सम्वन्धित निकायहरु सरोकारवाला संग समन्वय गरिनेछ ।
- समावेशी विकास सिद्वान्तको आधारमा जनशक्ति उपयोग एंव विकास गर्नका लागि समतामुलक समावेशी करण नीति अवलम्वन गरिनेछ ।
- कानुनी सल्लाहकार,PA /Advisor कानुन बमोजिम नियुक्ति गरिनेछ ।

**लक्षित वर्ग समुदाय विकास तर्फ :**

- बाल वचाउ, बाल संरक्षण विकास र बाल सहभागिताका विविध पक्षहरुमा सम्वन्धित सरोकारवाला संगको समन्वयमा विशेष कार्यक्रमिक सम्वोधन मार्फत बालमैत्री स्थानिय शासन स्थापना गर्नका लागि नीति तथा कार्यक्रमहरु संचालन गरिनेछ ।
- बालबालिकाको अधिकार मुल भुतरुपमा बालबालिकालाई नै प्रत्यक्ष लाभ पुग्ने भौतिक संरचना निर्माण तथा बालबालिकाको क्षमता विकासका क्रियाकलापमा लगानी गरिनेछ ।
- निर्मित वा निर्माण गरिने भौतिक एंव सामाजिक संरचनालाई बालमैत्री वनाउदै लगिनेछ ।
- लैंगिक समानता लागि लैंगिक दृष्टिले पछाडि परेका महिला लक्षित विशेष कार्यक्रम ल्याईनेछ । विद्यालयका शौचालयहरु छात्रा र छात्रलाई अलग अलग गर्ने व्यवस्था मिलाउन आवश्यक पहल गरिनेछ ।
- लैगिंक उत्तरदायी वजेट कार्यालयमा ल्याइनेछ । महिलालाई प्रत्यक्ष फाईदा पुग्ने भौतिक एंव सामाजिक पूर्वाधार निर्माण गर्न विशेष प्राथमिकता दिइनेछ । महिला मैत्री संरचनाहरु निर्माण गरिनेछ ।
- घरेलु हिंसा, योनजन्य हिंसा लगायत अन्य हिंसाजन्य क्रियाकलापलाई निर्मुल गर्न सामाजिक शसक्तिकरणमा कार्यक्रम संचालन गरिनेछ ।
- महिला लगायत विविध लक्षित वर्गको पहुच अभिवृद्धि गर्न र सरकारी सेवामा पहुच पुऱ्याउन लोक सेवा तयारी कक्षा संचालन गर्ने नीति अवलम्वन गरिनेछ ।
- मनोवैज्ञानिकरुपमा परामर्श गर्नका लागि जोड् दिइनेछ ।
- फरक क्षमताका व्यक्तिहरुको हकमा विषेश सशक्तिकरण एंव आर्यआर्जन मुलक कार्यक्रम गर्न जोड दिइनेछ ।

बेलौरी नगरपालिका

- मनोवैज्ञानिक रुपमा परामर्श गर्नाको लागि मनोपरामर्श सम्वन्धी कार्यक्रम ल्याइनेछ ।
- निर्माण गरिएका वा गरिने समाजिक एंव भौतिक पूर्वाधारहरु अपाङ्ग मैत्री बनाउदै लगिनेछ ।
- अपाङ्गहरुको क्षमता विकास सम्वन्धी कार्यक्रमहरु ल्याइनेछ ।
- अपाङहरुलाई प्रत्यक्ष लाभ पुग्ने संस्थागत  विकासमा विशेष जोड दिइनेछ ।
- समाजमा उपेक्षित एंव उत्पिडित रुपमा रहेको दलित समुदायको विकासमा उहाँहरुको क्षमता विकास गर्ने खालको कार्यक्रम ल्याइनेछ ।
- दलित र गैरदलित एंव दलित दलित विचमा रहेको ससमानता र छुवाछुतको भावनालाई न्यूनिकरण गर्न सम्वन्धित सरोकारवालाको समन्वयमा विशेष कार्यक्रम ल्याइनेछ ।
- दलित समुदायको सशक्तिकरण सम्वन्धि विशेष कार्यक्रम ल्याइनेछ ।
- दलित समुदायको सामुदायिक एंव संस्थागत विकास गर्न सकिने विशेष कार्यक्रमिक सम्वोधन गरिनेछ ।
- दलित समुदायको आर्यआर्जनमा वृद्धि गर्न परमपरागत पेशालाई टेवा पुग्ने खालको एंव स्वरोजगार उन्मुख कार्यक्रमहरु ल्याउन विशेष पहल गरिनेछ ।
- आदिवासि जनजातिहरुको क्षमता विकास तथा सशक्तिकरण सम्वन्धी कार्यक्रम ल्याइनेछ । तहाँहरुको संस्थागत क्षमता विकासका लागि विविध कार्यक्रम ल्याइनेछ ।
- आदिवासि जनजाति शिर्षकमा हुने लगानीलाई उक्त समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजनाहरुमा केन्द्रित गरिनेछ
- नगर भित्रका वृद्धहरुको बाच्न पाउने अधिकारको सुनिश्चिता प्रदान गर्ने र सामाजिक न्यायको सिद्धान्तलाई आत्मसात गरि अशक्त, बृद्धकालीग विशेष प्रकृतिको स्वास्थ्य उपचार घरदैलोमा प्रदान गर्ने ।
- जेष्ठ नागरिकहरुलाई सम्मान गर्ने किसिमका कार्यक्रममा संवोधन गरिनेछ ।
- जेष्ठ नागरिक मैत्री संरचना निर्माण गरिनेछ ।
- जेष्ठ नागरिकलाई विशेष रुपमा घरमा नै पुर्नस्थापना गर्न विशेष सामाजिक सम्वादका मार्फत पहल गरिनेछ ।
- जेष्ठ नागरिकहरुको अनुभवनको विशेषा कदर गर्दै यहाँहरुको सल्लाह सुझाव लिने परिपाटिको विकास गरिनेछ ।

अन्त्यमा माथि उल्लेखित नीति तथा कार्यक्रमहरुलाई प्राथमिकताका साथ अगाडी वढाउन नगरपालिका कार्यालय प्रतिवद्ध भएको व्यहोरा अनुरोध गर्न चाहान्छु । सीमित श्रोतको उपलब्धताका कारण नगरवासीहरुको अपेक्षा अनुरुप निश्चित रुपमा सम्बोधन गर्न नसकिएता पनि क्रमिकरुपमा सम्बोधन गर्दै जान सम्बन्धित सरोकारवाला निकायसंग समन्वय गरि नगरपालिका अगाडी वढ्दै जानेछ ।

**<u>निर्णय नं १</u> मा छलफल गर्दा अव म आ व २०७२।७३ को यथार्थ आय व्यय प्रस्तुत गर्न चाहन्छु ।**

| कार्यक्रम | आय | व्यय | कैफियत |
|---|---|---|---|
| नगरपालिका अनुदान | ३९,४५,००० | ३९,४५,००० | |
| स्थानिय शासन तथा सामुदायिक विकस कार्यक्रम | ११,८०,००० | १०,००,००० | फिर्ता रकम १,८०,००० |

| | | | |
|---|---|---|---|
| साविक गाविस अनुदान चालु | ९,०५,१२० | ९,०५,१२० | |
| साविक गाविस अनुदान पुजिगत | ७१,१७,००० | ७१,१७,००० | |
| आन्तरिक आय | १०,६३,६३७ | १०,६३,६३७ | |
| राजश्व बाँडफाडबाट प्राप्त आय | ७,२४,५६४ | २,७४,५६४ | बाकी रकम ४५०००० |
| जम्मा | १,४९,३५,३२१ | १,४३,०५,३२१ | |

आ व २०७३।७४ को यथार्थ आय र हालसम्मको व्यय प्रस्तुत गर्न चाहन्छु ।

| कार्यक्रम | आय | व्यय | कैफियत |
|---|---|---|---|
| नगरपालिका अनुदान चालु | ३६०००००० | ३६०००००० | |
| नगपालिका अनुदान पुजिगत | ३८५१४००० | | |
| साविक नुवाकोट गाविस अनुदान | ३४८४९७४ | ३४८४९७४ | |
| सविक खोलागाउ गाविस अनुदान | ४४४९५०१ | ४४४९५०१ | |
| साविक पुर्तिमकाडा गाविस | ५०७४८४ | ५०७४८४ | |
| सामाजिक सुरक्षा | १७६००००० | १५९७९४०० | |
| स्थानिय शासन तथा सामुदायिक विकस कार्यक्रम | ३१३४००० | ३१३४००० | |
| नगरक्षेत्र पुर्वाधार तर्फ | १३०२२००० | १३०२२००० | |
| आन्तरिक आय | १४३१९६० | १२४५६४६ | |
| राजश्व बाँडफाडबाट प्राप्त आय | ४५५०७९५.३८ | २०००८४६.९९ | |
| सघिय सरचना पुर्वाधार विकास | १०००००००० | १०००००००० | |
| जम्मा | | | |

आ व २०७४।७५ को प्रस्तावित संक्षिप्त वजेट अनुमान तर्फ

आय तर्फ

आगामी आ व २०७४।७५ मा केन्द्रिय सरकारबाट समानीकरण र शसर्त अनुदान रु३२,७४,१९,०००/-(वत्तीस करोड चौहत्तर लाख उन्नाइस हजार) नगरपालिकाको आन्तरिक आय अनुमान १,००,००,०००/-(एक करोड) अल्या रु ७४,११,२८६ विभिन्न संघ सस्था र कार्यलयबाट १३,०१,०२,७१४ र १२,८७,९०,०००/- गरी जम्मा आय तर्फ ६०३७,२३,०००/-(साठी करोड सैतिस लाख तेइस हजार) आय अनुमान गरिएको छ भने व्यय तर्फ रु६०,३७,२३,०००/-(साठी करोड सैतिस लाख तेइस हजार) अनुमान गरिएकोछ ।

**आदरणिय महानुभावहरु**

**<u>निर्णय नं २</u>** मा अव म केन्द्रीय सरकारबाट प्राप्त समानीकरण अनुदानको कार्यक्रमगत विवरण प्रस्तुत गर्ने चाहन्छु । समानीकरण अनुदान अन्तर्गत यस चौरजहारी नगरपालिकालाई जम्मा रु २१,१३,४६,०००/-(एक्काइस करोड तेह्र लाख छयालिस हजार) रकम मध्ये चालू खर्च तर्फ तपसिल वमोजिमको शिर्षकमा नगर कार्य पालिकाबाट स्वीकृत भइ आएअनुसार रकम विनियोजन गरिएको छ ।

| आ.व. २०७४। ०७५को लागि चालु खर्चको अनुमानित विनियोजन बजेटको सिमा | | | | |
|---|---|---|---|---|
| सि.नं. | विवरण | ईकाइ | जम्मा रु. | कैफियत |
| १ | कर्मचारी तलव | | २७,०००,००० | |
| ३ | नगरपालिका कार्यालय संचालन वापत | | २,०००,००० | |
| ४ | खानेपानि । विद्युत | | ५००,००० | |
| ५ | भ्रमण अनुगमन | | १,०००,००० | |
| ६ | पदाधिकारीहरुको सेवा । भत्ता | | १,०००,००० | |
| ७ | संचार | | १,०००,००० | |
| ८ | घर भाडा | | १,५००,००० | |
| ९ | पत्रपत्रिका । रेडियो | | ५००,००० | |
| १० | ईन्धन | | १,५००,००० | |
| ११ | अन्य ईन्धन | | ५००,००० | |
| ११ | कर्मचारी कल्याण कोष | | ५००,००० | |
| १२ | गाडि मर्मत | | १,०००,००० | |
| १४ | PA/Advisor | २ जना | ५००,००० | |
| १५ | कानुनी सल्लाहाकार | १ जना | ५००,००० | |

चौरजहारी नगरपालिका

| | | | | |
|---|---|---|---|---|
| १६ | नगरपालिका सल्लाहाकार | १ जना | ५००,००० | |
| १६ | विविध | | ८,०००,००० | |
| १७ | नगर प्रोफाईल | | ५००,००० | |
| १८ | पदपूर्ति समिति खर्च | | ५००,००० | |
| १९ | वडा कार्यालय कार्यालय संचालन वापत | | ७,०००,००० | |
| २० | राजश्व सफ्टवेयर मर्मत तथा अनलाईन | | १,०००,००० | |
| २१ | अन्य भत्ता | | १,०००,००० | |
| २२ | मह्रंगी भता | | ६००,००० | |
| २३ | स्थानिय भत्ता | | १,०००,००० | |
| २४ | फर्निचर ,कम्प्युटर तथा अन्य सामान खरिद | | ५००,००० | |
| २५ | मास्टर प्लानको तयारीको लागि | | ४००,००० | |
| जम्मा | | | ६०,०००,००० | |

समानिकरण तर्फ बाँकी रहेको रकम रु १५,१३,४६,०००/-(पन्ध्र करोड तेह्र लाख छयालिस हजार), आन्तरिक आय तर्फ रु५०,००,०००/-पचास लाख, राजश्वबाट रु ५०,००,०००/- पचासलाख र अल्याबाट आएको रकम रु ७४,११,२८६/- गरी जम्मा रु १६,८७,५७,२८७/-(छोह्र करोड सतासी लाख सन्ताउन्न हजार दुइ सय सतासि) पुजिगत तर्फ तपसिल वमोजिम विनियोजन गरिएको छ ।

## आ.व. २०७४/२०७५ मा सम्पन्न हुने योजना तथा कार्यक्रमहरु

**शीर्षक : सडक**

| क्र. स. | आयोजनाको नाम | आयोजना सञ्चालन हुने स्थान | बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | नयाँबस्ती –सानाखोला – पुरानापानी पोखरी रातापोखरा सडक | वडा नम्बर १२ | ३०,००,०००। | |
| २ | नार्जी माझमेला लेखनार्जी न्याउली बजार | वडा नम्बर ७ र ९ | २०,००,०००। | |
| ३ | नुवाकोट साक्चा सडक स्तर उन्नती | वडा नम्बर १४ | १,५०,००,००० । | |
| ४ | डाँडै अम्रै – बिसाउने – अङ्गेरी – तीनपाखे –बुगेनी – डलसिङ्पाखा – डोप्के खैरेनी | वडा नम्बर ३ | ५,००,०००। | |
| ५ | मेलैनाउली – टाटा – जीब्रेणी – डाँडापीपल | | ७,००,०००। | |
| ६ | खहरे – मल्यासिम – नेटा सडक | वडा नम्बर ५ | ७,००,०००। | |
| ७ | साक्चा– एकौली – चौफा – सडक स्तरोन्नती | वडा नम्बर ५ | १,५०,००,०००। | |
| ८ | राम्चेटाकुरा – टिमुरेनी – तल्लापोखरा – चौखे | वडा नम्बर ५ | ३०,००,०००। | |
| ९ | जहारी क्याम्पस– सर्केना –जोगीनेटा डलसिङ्गे– भालुखोरे – नेप्टेकाँडा – चौफा | | ३०,००,०००। | |

चौरजहारी नगरपालिका

| | | | | |
|---|---|---|---|---|
| १० | खालटाकुरा – फूलबारी – मलामेबाटो –रामजानकी मन्दिर | | ५,००,०००। | |
| ११ | जोडी सिमल – थापागाउँ – कालीमाटी सडक | | ७,००,०००। | |
| १२ | वालुवा नार्जी – वरारुख– थापागाउँ | | १०,००,०००। | |
| १३ | न्याउली बजार – घर्तीकाँडा – मल्यासिम सडक | | १०,००,०००। | |
| १४ | साक्चाखोला – बिरालगाउँ – लामाडाँडा पातीहाल्न | | १०,००,०००। | |
| १५ | छोपीमारे–भुरङ्खोला–एकौली–खलटाकुरी–नाख्ला–तिमीले सडक | वडा नम्बर १३ | १०,००,०००। | |
| १६ | खहरे घट्टेखोला खर्क सडक निमार्ण | वडा नम्बर १० | ५,००,०००। | |
| | **जम्मा** | | **४,८६,००,०००।** | |

**शीर्षक : खानेपानी**

| **क्र.स.** | **आयोजनाको नाम** | **आयोजना सञ्चालन हुने स्थान** | **बजेट** | **कैफियत** |
|---|---|---|---|---|
| १ | अलैचीवारी पातीहाल्न लिफ्टबाट खानेपानी | वडा नम्बर १२ | २०,००,०००। | |
| २ | पानीखोला खानेपानी योजना | वडा नम्बर ७,८,९ | १०,००,०००। | |
| ३ | ओखरबारी (काफलपानी) खानेपानी योजना लिफ्टबाट | वडा नम्बर ९ | २०,००,०००। | |
| ४ | तल्लो बोजाबारी लिउरेबारी खानेपानी योजना लिफ्टबाट | वडा नम्बर १४ | २०,००,०००। | |
| ५ | भेरी नदी लिप्ट सिस्टम | वडा नम्बर ३ | २०,००,०००। | |
| ६ | सिरुबारी स्वती खारखोला वसन्डाँडा बसीगाउँ खानेपानी योजना | वडा नम्बर ८ | ५,००,०००। | |
| ७ | छहराखोला खानेपानी योजना | वडा नम्बर ४ | १,५०,०००। | |
| ८ | बुगाखोला खानेपानी योजना | वडा नम्बर ४ | ३,००,०००। | |
| ९ | खिरखिरे थापाकाँडा राताडाँडा खानेपानी योजना | वडा नम्बर ५ | १०,००,०००। | |
| १० | पातलखोला रानागाउँ लिफ्टमार्फत खानेपानी योजना | वडा नम्बर १० | २०,००,०००। | |
| ११ | राजापानी आकाशे खानेपानी योजना | वडा नम्बर १३ | ३,००,०००। | |
| १२ | साइल्या पानेखोला घर्तीकाँडा खानेपानी योजना | वडा नम्बर ६ | ६,००,०००। | |
| १३ | ठूलाखोला ढोलीका टाकुरा सोलार पम्प खानेपानी योजना | वडा नम्बर ११ | २०,००,०००। | |
| १४ | लिफ्टद्वारा खानेपानी योजना | वडा नम्बर २ | २०,००,०००। | |
| १५ | लिफ्टद्वारा खानेपानी योजना | वडा नम्बरम १ | २०,००,०००। | |
| १६ | सातमूल सापखोला खत्रीगाउँ खानेपानी योजना | वडा नम्बर ७ | २,००,०००। | |
| १७ | देउरालटाकुरा पनेरापाखा खानेपानी | वडा नम्बर १३ | २,००,०००। | |
| १८ | दहखोला रातापोखरा खागल सौर्य खानेपानी लगायत योजना | वडा नम्बर ६ | २२,०६,०००। | |
| १९ | पूर्वभ्याली धारा मर्मत | वडा नम्बर २ | १,००,०००। | |
| २० | पाखापानी रावलडाँडा खानेपानी मर्मत | वडा नम्बर ११ | १,५००००। | |
| २१ | दलित वस्ती सल्लेरी टोल | वडा ११ | २,८५,०००। | |
| | **जम्मा** | | **२२,८९,१०००।** | |

गोकुलगंगा नगरपालिका

**शीर्षक: सिँचाइ**

| क्र. स. | आयोजनाको नाम | आयोजना सञ्चालन हुने स्थान | बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | स्वाँरा सिँचाइ कुलो | वडा नम्बर १२ | १,५०,०००। | |
| २ | गीठाखोली ठुलाखोला बुढा माझमेला सिँचाइकुलो पाइप द्वारा | वडा नम्बर ९ | ३,००,०००। | |
| ३ | औलिसे साक्चा सिँचाइ | वडा नम्बर १४ | २,००,०००। | |
| ४ | ठूलाखोला बडाखोला सिँचाइ कुलो निमार्ण | वडा नम्बर ८ | २,००,०००। | |
| ५ | खहरेखोला स्यानटाटा सिँचाइ कुलो | वडा नम्बर ४ | ३,००,०००। | |
| ६ | रातामाटा भुजुङ्गे | वडा नम्बर ५ | २,००,०००। | |
| ७ | छहरीखोला सिँचाइ ट्याङ्की | वडा नम्बर १० | ३,००,०००। | |
| ८ | मूलज्यूला काल्नेखेत मटेला सिँचाइ कुलो | वडा नम्बर १३ | ३,००,०००। | |
| ९ | चिसापानी ब्रमाथान सिँचाइ | वडा नम्बर ६ | ३,००,०००। | |
| १० | तिमीलेचौर धामीखोला खलामिरी | वडा नम्बर ११ | ४,००,०००। | |
| ११ | बेतेनी उकाला सिँचाइ योजना | वडा नम्बर ५ | ३,००,०००। | |
| १२ | सातमूल खत्रीगाउँ औल सिँचाइ | वडा नम्बर ७ | ३,००,०००। | |
| १३ | भन्के मटेला सिँचाइ योजना | वडा नम्बर १३ | १,००,०००। | |
| १४ | चाख्लेडाँडा उट्के सिँचाइ पोखरी निमार्ण | वडा नम्बर ५ | ४,००,०००। | |
| १५ | साउनेपानी सिँचाइ आयोजना | वडा नम्बर १२ | १,५०,०००। | |
| | **जम्मा** | | **३९,००,०००।** | |

**शीर्षक : शिक्षा**

| क्र. स. | आयोजनाको नाम | आयोजना सञ्चालन हुने स्थान | बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | जनआस्था आधारभूत विद्यालय पुरानापानी | वडा नम्बर १२ | ५,००,०००। | |
| २ | गढीदेउराली आधारभूत विद्यालय खेलमैदान शौचालय | वडा नम्बर ९ | ५,००,०००। | |
| ३ | आधारभूत विद्यालय नाउली | वडा नम्बर १४ | ५,००,०००। | |
| ४ | जनज्योती आधारभूत विद्यालय स्यालखोला भवन निमार्ण | वडा नम्बर ३ | १५,००,०००। | |
| ५ | आधारभूत विद्यालय लयाटा खेलमैदान निमार्ण | वडा नम्बर ८ | ५,००,०००। | |
| ६ | मनकोट विद्यालय भवन निमार्ण | वडा नम्बर ४ | १५,००००। | |
| ७ | मावि खहरे खेलमैदान निमार्ण | वडा नम्वर ५ | ५,००,०००। | |
| ८ | मालिका आधारभूत विद्यालय अमलाटाकुरा | वडा नम्वर ४ | ५,००,०००। | |
| ९ | मावि घरेलीचौर विद्यालय भवन निमार्ण | वडा नम्बर १३ | १५,००,०००। | |
| १० | जनज्याती आधारभूत विद्यालय मूलपानी भवन निमार्ण | वडा नम्वर ६ | १५,००,०००। | |
| ११ | आधारभूत विजयश्वरी भवन निमार्ण | वडा नम्बर २ | १५,००,०००। | |
| १२ | आधारभूत विद्यालय लामिछानेगाउँ घेरवार | वडा नम्वर १ | ५,००,०००। | |
| १३ | ज्ञानकुञ्ज आधारभूत विद्यालय भवन निमार्ण | वडा नम्वर ७ | १५,००,०००। | |
| १४ | जनज्योती आधारभूत विद्यालय माथि सर्केना भवन निमार्ण | वडा नम्बर ११ | १५,००,०००। | |
| १५ | छोटो अवधिको व्यवसायिक तालिम | नगर स्तरीय | ३०,००,०००। | |
| १६ | शीतल क्याम्पस पुस्तकालय | | १०,००,०००। | |

| | | | | |
|---|---|---|---|---|
| १७ | हिमालय मावि भवन निमार्ण | वडा नम्बर ११ | १५,००,०००। | |
| १८ | हिमालय मावि खोलागाउँमा इन्टरनेट जडान | वडा नम्बर ११ | २,००,०००। | |
| १९ | शीतल मावि चौरजहारी उत्तरपश्चिममा बाटो तथा गेट निमार्ण | वडा नम्बर २ | ५,००,०००। | |
| २० | आधारभूत विद्यालय मर्मत सुधार | वडा नम्बर ५ | ५,००,०००। | |
| २१ | आधारभूत विद्यालय जुम्ली पोखरी | वडा नम्बर १२ | ५,०००००। | |
| २२ | आधारभूत विद्यालय बिसौनेचौर | वडा नम्बर १० | ५,००,०००। | |
| २३ | जनता आधारभूत विद्यालय सिमलचौर | वडा नम्बर १३ | २,५०,०००। | |
| २४ | आधारभूत विद्यालय मानाकोट | वडा नम्बर १० | २,५०,०००। | |
| २५ | मावि साक्चा | वडा नम्बर १४ | १०,००,०००। | |
| २६ | आधारभूत विद्यालय नार्जी | वडा नम्बर ७ | ५,००,०००। | |
| २७ | आधारभूत विद्यालय लेकनार्जी | वडा नम्बर ९ | ५,००,०००। | |
| २८ | आधारभूत विद्यालय भुवाटाकुरा | वडा नम्बर ९ | ५,०००००। | |
| | **जम्मा** | | **२,४६,५०,०००।** | |

**शीर्षक : स्वास्थ्य**

| **क्र.स.** | **आयोजनाको नाम** | **आयोजना सञ्चालन हुने स्थान** | **बजेट** | **कैफियत** |
|---|---|---|---|---|
| १ | कोटजहारी स्वास्थ्य केन्द्रमा एम्बुलेन्स | वडा नम्बर ७ | २२,००,०००। | |
| २ | एम्बुलेन्स | वडा नम्बर ३ | २२,००,०००। | |
| ३ | एम्बुलेन्स सेवा सञ्चालन | वडा नम्बर ११ | २२,००,०००। | |
| ४ | प्राथमिक स्वास्थ्य केन्द्र कोटजहारी पोस्टमार्टम भवन निमार्ण | वडा नम्बर ७ | ७,००,०००। | |
| ५ | **जम्मा** | | **७३,००,०००।** | |

**शीर्षक : कृषि**

| **क्र.स.** | **आयोजनाको नाम** | **आयोजना सञ्चालन हुने स्थान** | **बजेट** | **कैफियत** |
|---|---|---|---|---|
| १ | अलैची खेती पकेट क्षेत्र | वडा नम्बर ९ र ६ | ५,००,०००। | |
| २ | फलफूल र पशुपालन पकेट क्षेत्र | वडा नम्बर १०, ११ र १२ को माथिल्लो क्षेत्र | १०,००,०००। | |
| ३ | तरकारी बीँउ उत्पादन पकेट क्षेत्र | वडा नम्बर १० र ११ को तल्लो भाग | ५,००,०००। | |
| ४ | पशुपंक्षी बीमा | सबै वडाहरु | ५,००,०००। | |
| ५ | फलफूल तथा वन नर्सरी स्थापना | जहारीखोला नमुना कृषि सहकारी संस्था | ५,००,०००। | |
| ६ | पशुपालन पकेट क्षेत्र | वडा नम्बर ४ र ५ | १०,००,०००। | |
| | **जम्मा** | | **४०,००,०००।** | |

**शीर्षक : विद्युत**

| क्र. स. | आयोजनाको नाम | आयोजना सञ्चालन हुने स्थान | बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | शहीद स्मृति लघु जलविद्युत आयोजना सम्पन्न गर्ने | वडा १० | ५०,००,०००। | |
| २ | सेतीगाड जलविद्युत आयोजना निमार्ण | वडा नम्बर ६ | ५,००,०००। | |
| ३ | हात्तीसारलामा बगर लघु जलविद्युत आयोजना निमार्ण | वडा नम्बर ३ | ५०,००,०००। | |
| ४ | लापुरखोला जलविद्युतको मुहानमा होमपाइप,जाली र पक्की कुलो | वडा नम्बर ७ | १५,००,०००। | |
| ५ | दोभानखोला लघु जलविद्युत आयोजना | वडा नम्बर १२ | ५,००,०००। | |
| ६ | केन्द्रीय लाइन बिस्तार | सबै वडाहरुमा | – | |
| | **जम्मा** | | **१,२५,००,०००।** | |

**शीर्षक : तटबन्धन**

| क्र. स. | आयोजनाको नाम | आयोजना सञ्चालन हुने स्थान | बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | परमाले बुगाखोला गीठाखोली | वडा नम्बर ९ | | |
| २ | तुषारपानी ठुलाखोला | वडा नम्बर ९ | | |
| ३ | नाउलीपेदादेखि साक्चाखोला | वडा नम्बर १४ | | |
| ४ | साक्चाखोला कुलीगारखोला | वडा नम्बर १३ | | |
| ५ | जहारीखोला | वडा नम्बर १३ | | |
| ६ | सदुखोला चौफा जहारीखोला तटबन्धन | वडा नम्बर ११ | | |
| ७ | उकालीपेदीदेखि मेलसोतासम्म तटबन्धन | | | |
| ८ | फूलबारीखोला दतुलेखोला भुरेसाल | वडा नम्बर १ | | |
| ९ | ठाडाखाला बयाखाला | वडा नम्बर १० | | |
| १० | गलगले, कात्तेखोला, बीसमुरी, खहरेखोला तटबन्धन | वडा नम्बर ५ | | |
| ११ | जहारीखोला | वडा नम्बर ४ र ५ | | |
| | **जम्मा** (नगरपालिका कार्यालय नै जाली वितरण गर्ने छ) | | **५०,००,०००।** | |

**शीर्षक : पर्यटन**

| क्र. स. | आयोजनाको नाम | आयोजना सञ्चालन हुने स्थान | बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | मालिका धार्मिक पर्यटन | वडा नम्बर ४ | १०,००,०००। | |
| २ | मालिका धार्मिक पर्यटन | वडा नम्बर ६ | ५,००,०००। | |
| ३ | दयालेख गुफा संरक्षण | वडा नम्बर १४ | ५,०००००। | |
| ४ | मलामी प्रतिक्षालय बाँसखोला | वडा नम्बर १ | २,००,०००। | |
| ५ | मलामी प्रतिक्षालय रानीसागर | वडा नम्बर ३ | २,००,०००। | |
| ६ | मलामी प्रतिक्षालय | वडा नम्बर २ | २,००,०००। | |
| | **जम्मा** | | **२६,००,०००।** | |

**शीर्षक : साझेदारी कार्यक्रम**
**(म्याचिङ फन्ड)**
**रु १,५४,५१,२९०।**

| क्र. स. | आयोजनाको नाम | आयोजना सञ्चालन हुने स्थान | वजेट | कैफियत |
|---|---|---|---|---|
| १ | कृषि | | | |
| २ | पशुपंक्षि | | | |
| ३ | चौरजहारी अस्पताल | | | |
| ४ | स्वास्थ्य पोषण | | | |
| ५ | युवा तथा खेलकुद | | | |
| ६ | कला साहित्य र संस्कृति | | | |
| ७ | आपतकालीन कोष (बालबालिका) | | | |
| ८ | प्राकृतिक प्रकोप व्यवस्थापन कोष | | | |
| जम्मा | | | | |

अव म सघ सस्था र अन्य कार्यालयबाट प्राप्त वजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

चौरजहारी अस्पतालबाट रु ११,६१,६०,०००/-एघार करोड एकसठी लाख साठी हजार, रुकुमेली समाजबाट ५६,१०,७११/-छपन्न लाख दश हजार सात सय एघार दलित सेवा सघबाट रु२२,०६,००३/-वाइस लाख छ हजार तीन र व सि डि सि बाट रु ६१,२६,०००/-एकसठ्ठी लाख छव्वीस हजारको वजेट तथा कार्यक्रम पेश गरेकाछन् । त्यसै गरी नयाँ शहरी आयोजनाले तपसिल वमोजिमको वजेट तथा कार्यक्रम पेश गरेको छ ।

**निर्णय नं ३ मा** आ व २०७४/७५ मा कार्यन्वयन हुने करका दरहरु विभिन्न विषयगत समितिको प्रतिवेदन र सल्लाह सुझावबाट तपसिल वमोजिम हुने गरिन नगर कार्यपालिकाबाट स्वीकृत भइ आएअनुसार अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र.सं. | आम्दानी स्रोत विवरण | कर/दस्तुर/शुल्क/महशुल | कैफियत |
|---|---|---|---|
| १ | नागरिकता सिफारिस वंशज | १७० | |
| २ | नागरिकता सिफारिश मुचुल्का सहित | २७० | |
| ३ | नागरिकता सिफारिस प्रतिलिपी | १२० | |
| ४ | वंशज पत्र सिफारिश नाता प्रमाणित | ६५० | |
| ५ | नामसारी सिफासिश शेष पछि को | ५५० | |
| ६ | नामसारी नाता प्रमाणित सिफारिस ( महिला) | ४५० | |
| ७ | नाता प्रमाणित विदेश प्रयोजन | १२०० | |
| ८ | स्थायी वसोवास सिफारिस | २२० | |

चौरजहारी नगरपालिका

| | | | |
|---|---|---|---|
| ९ | अस्थायी वसोवास सिफारिस | ३२० | |
| १० | विवरण सच्याई सर्जमिन मुचुल्का | २८० | |
| ११ | मित्रापत्र वक्साउनी | १००० | दुवै पक्षवाट |
| १२ | संघ संस्था सिफारिस | १००० | |
| | कम्पनी | २००० | |
| | सहकारी | १५०० | |
| | समूह क्लव | १००० | |
| १३ | अंशवण्डा सिफारिस | १००० | |
| १४ | दारकाट सिपारिस ( प्रजाति प्रति रुख) | ५५० | |
| १५ | घर जग्गा दर्ता सिफारिस | १२०० | |
| १६ | दारकाठ सिफारिस गैरकाणु प्रजाति प्रति रुख | १२०० | |
| १७ | छुट जग्गा दर्ता सिफारिस गाउँमा | १५०० | |
| १८ | भरुवा वन्दुक नविकरण | १७०० | |
| १९ | पेन्सन सिफारिस स्वदेशमा | १२०० | |
| २० | जग्गा धनी प्रमाण पुजी हराएको सिफारिस | २३० | |
| २१ | निजि वैंक स्थापना | ४००० | |
| २२ | नागरिकता वाहेक अन्य मुचुल्का कार्यालयमा | ५५० | |
| २३ | नागरिकता वाहेक अन्य मुचुल्का स्थलगत उद्योग स्थलगत | २००० | |
| २४ | उद्योग नामसारी ठुलो | २५०० | |
| २५ | उद्योग नामसारी मझौला | १५०० | |
| २६ | उद्योग नामसारी सानो | १००० | |
| २७ | **व्यवसायिक सिफारिस**<br>क) वर्गको ठेक्का लाईसेन्स नविकरण<br>ख) वर्गको ठेक्का लाईसेन्स नविकरण<br>ग) वर्गको ठेक्का लाईसेन्स नविकरण<br>घ) वर्गको ठेक्का लाईसेन्स नविकरण | <br>३५००<br>२५००<br>१५००<br>१००० | |
| २८ | ५ देखी २० हर्ष पावर उद्योग सिफारिस | २००० | |
| २९ | २० देखी माथि हर्ष पावर सिफारिस | ३००० | |
| ३० | पोल्ट्री फार्म, खाद्य, तेल, मह्रीपालन, पशु पालन काठ तथा स्टील ग्रील उद्योग | २००० | |
| ३१ | इट्टा भट्टि | | |
| | सामान्य | २००० | |
| | आधुनिक | ३००० | |
| ३२ | पाउरोटी उद्योग | १००० | |
| ३३ | केवुल नेटवर्क | ३००० | |
| ३४ | म्यानपावर कम्पनी | | |
| | स्वदेश | ३००० | |
| | विदेश | ५००० | |
| ३५ | सुन चाँदी (गरगहना) थोक तथा फुटकर ठुला | ५००० | |
| ३६ | सुन चाँदी (गरगहना) थोक तथा फुटकर साना | ३००० | |
| ३७ | क्यासेट तथा भिडियो रेकडर र पिलेयर थोक तथा खुद्रा | १००० | |
| ३८ | इलेक्ट्रोनिक पसल | १००० | |
| ३९ | हार्डवयर पसल | २५०० | |
| ४० | पलावोर्ड, सिसा फरम पसल | १००० | |
| ४१ | पेट्रोल पम्प ड्रमथोक तथा फुटकर | ५००० | |

गौरादह नगरपालिका

| | | | |
|---|---|---|---|
| ४२ | पेट्रोल पम्प डिपो | १०००० | |
| ४३ | तरकारी थोक तथा फुटकर पसल | ७०० | |
| ४४ | इन्जिनेरिङ तथा परामर्श सेवा | ३००० | |
| ४५ | अन्तराष्ट्रिय गैरसरकारी संस्था | ४००० | |
| ४६ | नापी, विमा एजेन्ट, मेडिकल, दन्त चिक्स्कि | २००० | |
| ४७ | मिल व्यवसाय | १००० | |
| ४८ | मिठाई नास्ता , खाना होटल | ७०० | |
| ४९ | छापाखाना | २००० | |
| ५० | क्लर ल्याप | १००० | |
| ५१ | चलचित्र व्यवसाय | ३००० | |
| ५२ | मेलाकर आयोजक | १००० | |
| ५३ | वित्तिय तथा सहकारी संस्था | १००० | |
| ५४ | विमा कम्पनी | ५००० | |
| ५५ | ल्याप औषधि पसल | १५०० | |
| ५६ | वैदेशिक म्यान पावर कम्पनी | ५००० | |
| ५७ | जुत्ता पसल थोक | १००० | |
| ५८ | जुत्ता पसल फुटकर | ५०० | |
| ५९ | सिलाई कटाई टेलर्स | ५०० | |
| ६० | जन्मदर्ता प्रमाणित | ५० | |
| ६१ | विवाह दर्ता | ५० | |
| ६२ | मृत्यु दर्ता | ५० | |
| ६३ | वसाईसराई दर्ता | ५० | |
| ६४ | वैदेशिक जन्म दर्ता | २०० | |
| ६५ | वैदेशिक विवाह, अविवाहित सिफारिस | २५० | |
| ६६ | ठेगाना प्रमाणित वैदेशिक सिफारिस | २५० | |
| ६७ | चारित्रिक वैदेशिक प्रमाणित सिफारिस | २५० | |
| ६८ | नाम फरक वैदेशिक प्रमाणित सिफारिस | २५० | |
| ६९ | आय स्रोत विदेश प्रयोजना | ३०० | |
| ७० | टिकट वापत दस्तुर | १० | |
| ७१ | साधारण सिफारिस | १५० | |
| ७२ | फोटो प्रमाणित ( प्रतिफारम ) | १५० | |
| ७३ | पक्की घर ढलान १ तलाको | १५० | |
| ७४ | पक्की घर ढलान २ तलको | २५० | |
| ७५ | पक्की घर ढलान ३ तलाको | ३५० | |
| ७६ | पक्की घर टिन/ढुङगा | १०० | |
| ७७ | कच्ची घर तिन तलाको फुस छानो | १५० | |
| ७८ | कच्ची घर २ तलाको फुस छानो | १५० | |
| ७९ | कच्ची घर १ तलाको फुस छानो | १०० | |
| ८० | रार्जमाग तथा पिज वाटो चारकिल्ला प्रमाणित प्रतिकित्ता | ७०० | |
| ८१ | अन्यन्त्र वाटो | २५० | |
| ८२ | घर/वाटो भए/नभएको सिफारिस | २५० | |
| ८३ | घट्ट दर्ता सिफारिस | ५०० | |
| ८४ | एफ.एम. रेडियो दर्ता | २५०० | |
| ८५ | मालपोत तर्फ अवल प्रतिरोपनी | १५ | |
| ८६ | मालपोत तर्फ अवल दोयम | १४ | |
| ८७ | मालपोत तर्फ अवल सिम | १२ | |

| | | | |
|---|---|---|---|
| ८८ | मालपोत तर्फ अवल चाहार | १० | |
| ८९ | घडेरी वजार क्षेत्रभित्र १०० वर्गमिटर | २५० | |
| ९० | वाणिज्य वैंक | १०००० | |
| ९१ | कन्सलटेन्सी दर्ता | १००० | |
| ९२ | आयोजना भुत्तानी सिफारिस ५०००–१०००० सम्म | ५०० | |
| ९३ | आयोजना भुत्तानी सिफारिस १००००–३०००० सम्म | १००० | |
| ९४ | आयोजना भुत्तानी सिफारिस ५०००० देखि १००००० माथि | १५०० | |
| | आयोजना भुक्तानी सिफारिस १ लाख देखि पाच लाख सम्म | २५०० | |
| | आयोजना भुक्तानी सिफारिस ५ लाख देखि माथि | ३५०० | |
| ९५ | सैलुन ( कपाल काटने) | ५०० | |
| ९६ | फोटो स्टुडियो | ५०० | |
| ९७ | साइनवोर्ड पेन्टीङ साधा | ५०० | |
| ९८ | साइनवोर्ड पेन्टीङ फल्याक्स | १५०० | |
| ९९ | श्रंगार पसल | ५०० | |
| १०० | कुखुरा मार्केट | १००० | |
| १०१ | खसी मार्केट | १५०० | |
| १०२ | रागां मार्केट | २००० | |
| १०३ | एग्रोभेट पसल | १००० | |
| १०४ | भाडा पसल | ३००० | |
| १०५ | गल्ला पसल | २५०० | |
| १०६ | ग्यारेज गाडि पसल | २००० | |
| १०७ | पुस्तक तथा स्टेशनरी पसल | २००० | |
| १०८ | फेन्सी पसल सानो | २००० | |
| १०९ | फेन्सी पसल ठुलो | ३००० | |
| ११० | कपडा पसल | २५०० | |
| ११२ | खद्रा पसल | १००० | |
| ११३ | ग्यास विक्रेता | २००० | |
| ११४ | मदिरा जन्य खुद्रा | ३००० | |
| ११५ | मदिरा जन्य होलसेल | १०००० | |
| ११६ | क) वर्गको होटल | ४००० | |
| ११७ | ख) वर्गको होटल | ३००० | |
| ११८ | ग) वर्गको होटल | २००० | |
| ११९ | साना होटल | १५०० | |
| १२० | औषधि थोक विक्रेता | ३००० | |
| १२१ | रिचार्ज कार्ड | १५०० | |
| १२२ | राँगा, भैसी खरिद गरी वाहिर लिने प्रतिवटा | ३०० | |
| १२३ | सम्पति मुल्याङकन १ लाख – ३ लाख सम्म | ३०० | |
| १२४ | सम्पति मुल्याङकन ३ लाख – १० लाख सम्म | १००० | |
| १२५ | सम्पति मुल्याङकन १० लाख – २०लाख सम्म | १५०० | |
| १२६ | सम्पति मुल्याङकन २० लाख – ५०लाख सम्म | २५०० | |
| १२७ | सम्पति मुल्याङकन ५० लाख – १ करोड सम्म | ३५०० | |
| १२८ | २ करोड देखी माथि | १०००० | |
| १२९ | निजी विद्यालय क्याम्पस तर्फ | ५००० | |
| १३० | निजी विद्यालय मा.वि. तर्फ | ३५०० | |

गौरहरि नगरपालिका

| | | | |
|---|---|---|---|
| १३१ | निजी विद्यालय आधारभुत तर्फ | २५०० | |
| १३२ | निजी विद्यालय पुर्व प्रा.वि. तर्फ | २००० | |
| १३३ | मोवाइल टावर सरकारी | ४००० | |
| | मोवाइल टावर निजि | ६००० | |
| १३४ | तापक्रम यन्त्र | २००० | |
| १३५ | खा.पा. प्रतिधारा | १०० | |
| १३६ | देवाल ढुङगा वान्न लगाउने प्रति टयाक्टर | २५० | |
| १३७ | गिटी प्रतिटिपर/टयाक्टर | ३०० | |
| १३८ | वालुवा प्रतिटिपर/टयाक्टर | ५०० | |

**निर्णय नं ४** मा छलफ गर्दा चौरजहारी नगरपालिकामा कार्यन्वयन हुने नगर कार्यपालिकाबाट अनुमोदनका लागि स्वीकृत भइ आएका देहाय वमोजिमका ऐन नियम र कार्यविधि अनुमोदन गर्ने निर्णय गरियो ।

क- स्थानिय तहको आर्थिक ऐन २०७४,

ख- स्थानिय तहको विनियोजन ऐन २०७४,

ग- चौरजहारी नगरकार्यपालिका(कार्य विभाजन) नियमावली २०७४,

घ- चौरजहारी नगरकार्यापालिका (कार्यसम्पादन) नियमावली २०७४,

ङ- चौरजहारी नगरकार्यापालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४,

च- चौरजहारी नगरपालिका पदाधिकारीहरुको आचारसंहिता २०७४,

छ- चौरजहारी नगर कार्यापालिकाको वैठक सन्चालन सम्वन्धि कार्यविधि २०७४,

**निर्णय नं. ५**

यस चौरजहारी नगरपालीकाको कार्यालयमा तपशिल वमोजिम कार्यरत कर्मचारीहरुको दरवन्दि र स्थिति अनुमोदन गरियो ।

**तपशिल :**

| क्र स | कर्मचारीको नाम थर | पद/श्रेणी | संकेत नं | स्थायी/अस्थायी /करार | स्थायी ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | महेश कुमार | नि.कार्यकारी | १९९२९३ | स्थायी | सानोभेरीगाउपालिका ३ रुकुम | |

चौरजहारी नगरपालिका

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | गुरुङ | अधिकृत | | | | |
| २ | चित्रप्रसाद पाण्डे | लेखा अधिकृत | ९७९७३ | स्थायी | तुल्सीपुर उप.न.पा वडा नं.१ दाङ | |
| ३ | लोकबहादुर खत्री | ना.सु | १६७३०९ | स्थायी | मुसिकोट न.पा .३ रुकुम | |
| ४ | गोविन्द बुढाथोकी | खरिदार | २०३२६१ | स्थायी | चौ.न.पा. वडा नं. ८ रुकुम | |
| ५ | यज्ञ वहादुर भण्डारी | खरिदार | | स्थायी | सानोभेरी गा पा ७ रुकुम | |
| ६ | दिपलाल कवर | प्रशासन सहायक | | अस्थायी | चौ.न.पा.वडा न ९ रुकुम | |
| ७ | मोतिराम जैसी | लेखा सहायक | | अस्थायी | चौ.न.पा.वडा न ३ रुकुम | |
| ८ | कल्पना शाही | प्रशासन सहायक | | करार | चौ.न.पा.वडा न १४ रुकुम | |
| ९ | लक्ष्मी ओली केसी | प्रशासन सहायक | | करार | चौ.न.पा.वडा न ११ रुकुम | |
| १० | परविर पुन | प्राविधिक सहायक | | करार | चौ.न.पा.वडा न १४ रुकुम | |
| ११ | विनोद स्वार्णकार | का.स | | अस्थायी | चौ.न.पा.वडा न ९ रुकुम | |
| १२ | कालु कुमाल | का.स | | अस्थायी | चौ.न.पा.वडा न २ रुकुम | |
| १३ | प्रसान्त सार्की | का.स | | करार | चौ.न.पा.वडा न १४ रुकुम | |
| १४ | रामप्रसाद आचार्य | हल्का सवारी चालक | | करार | चौ.न.पा.वडा न ७ रुकुम | |

चौरजहारी नगरपालिका

**निर्णय नं. ६**

यस नगरपालीकामा यसै आ.व. २०७४/०७५ देखि आवश्यक कार्यविधि वनाइ भवन निर्माण आचारसंहिता लागू गर्न, नक्सा पास सम्वन्धि प्रक्रिया अगाडि वढाउन र एकिकृत सम्पति कर लागु गर्न नगर कार्यपालीकालाइ अख्तियारी दिने निर्णय गरियो

**निर्णय नं. ७**

यस चौरजहारी नगरपालिकाको आ व २०७२।७३ को अन्तिम लेखा परिक्षण प्रतिवेदन र आ व २०७३।७४ फागुण २७ गते सम्मको आन्तरिक लेखा परिक्षण प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

नगरपालिकाको आवश्यकता र क्षमताको आधारमा कर्मचारी पदपुर्ति गर्न पदपुर्ति समिति गठन गर्ने अख्तियारी नगर कार्यपालिकालाई दिने निर्णय गरियो ।

**निर्णय नं ९**

स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रमबाट कार्यरत सामाजिक परिचालकहरु श्री उर्मिला थापा र रुपा शर्माले यस चौरजहारी नगरपालीकाको सम्पर्कमा रहि चौरजहारी न.पा.अन्तर्गत विभिन्न सामाजिक कार्य सम्पादन गर्दै आएको र आगामी दिनहरुमा कार्यसम्पादनमा अझै उत्साहित गर्नका लागि प्रोत्साहन/संचार बापत तपशिल बमोजिमका कर्मचारी लाई प्रोतसाहन भत्ता दिने भनी सर्वसम्वंत निर्णय गरियो ।

१.उर्मिला थापा(s.m) रु२०००

२.रुपा शर्मा (s.m) रु२०००

**निर्णय नं १०**

यस चौरजहारी नगरपालिकावाट संचालित योजना तथा कार्यक्रमहरु वडा समितिको समितिको सिफारिसमा चौरजहारी न.पा.बाट फरकफरक गरेका आ.व. २०७३/०७४ का योजना तथा कार्यक्रमहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं११**

चौरजहारी नगरपालीका कार्यालय रुकुमले चालु आ.व. २०७३/०७४ को फागुन मसान्त सम्मको अवधिमा सर्वदलिय संयन्त्र सर्वदलिय तथा नगरपालिका वोर्ड बैढक वसी गरेका सम्पुर्ण निर्णय यस चौरजहारी न.पा. को प्रथम नगरसभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

चौरजहारी न.पा. कार्यालयका कर्मचारी र नगरपालीका अन्तरगत संचालित विभिन्न कार्यक्रममा कार्यरत कर्मचारी मध्येवाट कार्यसम्पादन मुल्यांकनका आधारमा मुल्यांकन गरी उत्कृष्ट स्थानमा आउने कर्मचारीलाई र स्थानिय तहमा सहयोग पुऱ्याउने संघ संस्था उद्योग व्यापारि संचारकर्मि तथा व्यक्तिहरुल नगर सभाको अवसरमा पुरस्कृत तथा सम्मान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

नगरसभाबाट गर्नै पर्ने निर्णय बाहेक अन्य सवै विषयको निर्णय गरी कार्यन्वयन गर्ने अख्तियारी नगर कार्यपालिकालाइ दिने निर्णय गरियो ।

**निर्णय नं. १४**

यस चौरजहारी नगरपालिकामा कार्यरत कर्मचारीले खाइपाइ आएको तलव भत्ता अनुमोदन गरी नियमानुसार पाउने भनि तोकिएको तलव आ व २०७४।७५ को साउन महिना देखि नै दिने भनि निर्णय गरियो ।

| क्र स | कर्मचारीको नाम थर | पद/श्रेणी | संकेत नं | स्थायी/अस्थायी/करार | खाइपाइ आएको तलव | **कैफियत** |
|---|---|---|---|---|---|---|
| १ | महेश कुमार गुरुङ | नि.कार्यकारी अधिकृत | १९९२९३ | स्थायी | ३०५०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | चित्रप्रसाद पाण्डे | लेखा अधिकृत | ९७९७३ | स्थायी | ३०५०० | |
| ३ | लोकबहादुर खत्री | ना.सु | १६७३० ९ | स्थायी | | |
| ४ | गोविन्द बुढाथोकी | खरिदार | २०३२६ १ | स्थायी | | |
| ५ | यज्ञ वहादुर भण्डारी | खरिदार | | स्थायी | | |
| ६ | दिपलाल कवर | प्रशासन सहायक | | अस्थायी | २०००० | |
| ७ | मोतिराम जैसी | लेखा सहायक | | अस्थायी | २०००० | |
| ८ | कल्पना शाही | प्रशासन सहायक | | करार | | |
| ९ | लक्ष्मी ओली केसी | प्रशासन सहायक | | करार | | |
| १० | परविर पुन | प्राविधिक सहायक | | करार | | |
| ११ | विनोद स्वार्णकार | का.स | | अस्थायी | १४००० | |
| १२ | कालु कुमाल | का.स | | अस्थायी | १४००० | |
| १३ | प्रसान्त सार्की | का.स | | करार | | |
| १४ | रामप्रसाद आचार्य | हल्का सवारी चालक | | करार | १२०० | |

चौरजहारी नगरपालिका

**निर्णय नं. १५**

नगरपालिका क्षेत्रअधिकार भित्र गरिने विज्ञापनलाई व्यवस्थित गर्न सार्वजानिक निकाय सार्वजनिक सरोकारसँग सम्वन्धित विज्ञापनलार्य नि.शुल्क र अन्यको हकमा वर्ग फुटको आधारमा कर निर्धारण गर्ने अख्तियारी नगर कार्यपालिकालाई दिने भनी सर्वसम्वत पारित गरियो ।

**निर्णय नं. १६**

यस चौ.न.पा. काले नेपाल नगरपालीका संघको सदस्यता नलिएकोले सोको सदस्यता लिने र आ.व. २०७२/०७३ र आ.व. २०७३/०७४ मा सदस्यता शुल्क रु. २००००। अक्षरुपी ( विस हजार मात्र ) संचालन खर्च वाट छुटयाउने र आ.व. २०७४/०७५ का लागी समेत सदस्यता शुल्क संचालन खर्चवाट दिने भनी स्वीकृतिका लागी सर्वसम्व.त निर्णय गरियो ।

## निर्णय नं १७

चौरजहारी नगर कार्यपालिकाबाट गठन भएका विषयगत समितिहरु सार्वजनिक सेवा तथा क्षमता विकास समिति आर्थिक विकास समिति पूर्वाधार विकास समिति सामाजिक विकास समिति वातावरण तथा विपत व्यवस्थापन समिति विधेयक समितिलाइ नगर सभाबाट अनुमोदन गर्ने भनि निर्णय गरियो ।

**निर्णय नं १८**

यस चौरजहारी नगरपालिकाको प्रथम नगर सभालाइ सफल गराउन सहयोग गर्ने नगर सभाका पदाधिकारीहरु ज्यू कर्मचारी साथिहरु राजनितिक दल सरकारी कार्यलयका प्रमुख गैरसरकारी संघ संस्थाका प्रमुख पत्रकार साथिहरु समाजसेवी बुद्धिजिवि शिक्षाविद लगायत विषयगत समिति तथा सम्पुण नगरवासीलाइ धन्यवाद दिन चाहन्छु ।

चौरजहारी नगरपालिका